मदाने गाउँपालिका

गुल्मी जिल्ला, प्रदेश नं. ५, नेपाल


# मदाने राजपत्र


| वर्ष : १ | अंक : ६ |
|---|---|

भाग : २


गाउँकार्यपालिकाबाट मिति २०७४।११।०२ मा कृषि मल बिउ औजार अनूदान कार्यक्रम संचालन कार्यविधि २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

## कृषि मल बिउ औजार अनुदान कार्यक्रम संचालन कार्यविधि २०७४

आज्ञाले
सुरेश भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मदाने गाउँपालिका

| कार्यविधि संख्या :- | ६ |
|---|---|

# कृषि मल बिउ औजार अनुदान कार्यक्रम संचालन कार्यविधि २०७४

| सभाबाट स्वीकृत मिति :- | २०७४।११।०२ |
|---|---|

मदाने गाउँपालिका

# मदाने गाउँपालिका

## पुर्कोटदह, गुल्मी

## प्रदेश नं. ५, नेपाल

# कृषि मल बिउ औजार अनुदान कार्यक्रम संचालन कार्यविधि २०७४

## पृष्ठभुमी :

परम्परागत निर्वाहमुखी कृषि खेती प्रणलीलाई ब्यवसायिकरण, आधुनिकीकरण तथा उत्पादनमूलक गर्न यो कार्यविधि तयार पारिएको हो । कृषि यन्त्र प्रयोग बिना कृषि सम्भव छैन । खेती कार्यलाई सजिलो, सहज, छिटो, छरितो गर्न साथै एक बर्षमा दुई भन्दा बढी वाली लिन कृषि यन्त्रको प्रयोग नगरि हुदैन । मध्य पहाडी भु भागमा कृषिको प्रचुर सम्भावना छ तर धेरै जसो जमिन बाझो हुने क्रम बढदै छ । यसरी बाझिने क्रमलाई रोक्न र बाहिर गईरहेका युवा जनशक्तिलाई कृषि प्रति आकर्षण गर्न कृषि पेशालाई आत्मनिर्भर बनाउन कृषि यन्त्रहरुको महत्तवपूर्ण स्थान भएकोले कृषिलाई ब्यावसायिकरण तथ प्रतिस्पर्धात्मक खेती प्रणालीमा बिस्तार गरी उत्पादन र उत्पादक्तव आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन र कृषकहरुको जिवन स्तर सुधारमा याग्दान पुष्याउने उद्देश्यले **कृषि औजार अनुदान कार्यक्रम संचालन कार्यविधि २०७४** तयार पारिएको हो ।

## परिच्छेद-१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

क. यो कार्यविधिको नाम **"कृषि औजार अनुदान कार्यविधि २०७४"** रहेको छ ।

ख. यो कार्यविधि मदाने गाँउपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भए पछी प्रारम्भ हुनेछ ।

**यो कार्यविधि स्वीकृत हुनु भन्दा पहिले सम्पादित कार्य यसै कार्यविधि बमोजिम सम्पादन भएको मानिनेछ ।**

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि प्रयोजनका लागि

क. "गाँउपालिका" भन्नाले मदाने गाँउपालिका सम्झनु पर्नेछ ।

ख. "शाखा" भन्नाले कृषि विकास शाखा सम्झनु पर्नेछ ।

ग. "कार्यालय" भन्नाले मदाने गाँउपालिकाको कार्यालय बुझ्नु पर्नेछ ।

घ. "कार्यक्रम" भन्नाले कृषि औजार अनुदान कार्यक्रम २०७४ लाई सम्झनु पर्नेछ ।

**३. उद्देश्य** :

कार्यक्रमको उद्देश्य देहाय वमोजिम हुनेछ ।

क) खाद्यान्न वाली, तरकारी वाली तथा फलफूल उत्पादन आदिमा यान्त्रिकरण गर्न सहयोग पुऱ्याउने ।

ख) कृषिमा यान्त्रिकीकरण गरि प्रति इकाई उत्पादन बृद्धि तथा उत्पादन लागत घटाउने ।

ग) युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने गराउने ।

घ) कृषिलाई आधुनिकिकरण, व्यवसायिकरण एवम् प्रतिस्पर्धात्मक वनाई स्वरोजगारको अवसर श्रृजना गर्ने ।

ङ) समयको सदुपयोग एवं कृषि कर्मलाई सहज बनाउन सहयोग गर्ने ।

**४. कार्यक्रम संचालन हुने :** गाँउपालिका सबै वडाहरुमा

**५. कार्यक्रमको अविध :** आ. ब. २०७४/०७५

**६. कार्यक्रम संचालन प्रक्रिया तथा ब्यवस्था :**

१. मदाने गाँउपालिका कृषि विकास शाखाले निवेदन आह्वान गर्न अनुसुची १ बमोजिमको सूचना प्रकाशन गर्ने छ ।

२. कृषि औजार अनुदान कार्यक्रम मदाने गाउपालिका कृषि विकास शाखाको छनौट समितीले सिफारिष गरेका उपभोक्तालाई सेटमा कृषि औजार तोकिएको अनुदान घटाई वाँकी रकम लिई सिफारिष गरिएकालाई उपलब्ध गराउनेछ ।

३. छनौटमा परेका कृषक वा समूहहरुले मदाने गा.पा. कृषि विकास शाखाले तयार गरेको निवेदन र फाराम भरी उपकरण अनुसारको रकम बुझाउनु पर्ने छ ।

४. सम्बन्धित प्राविधिकवाट संलग्न कागजातहरु जाँच गरी सिफारिषको आधारमा अनुदान रकममा आयकर तथा अन्य कर हरु कट्टा गर्नेछ ।

६. कृषि यन्त्रहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ र आवश्यक परेको खण्डमा मदाने गाउपालिकाले अनुदान रकममा हेरफेर गर्न सक्नेछ ।

७. उक्त कृषि उपकरण ढुवानीमा १०० प्रतिशत अनुदानको ब्यवस्था छ ।

८. छनौट समितीले निवेदनको आधारमा धेरै क्षेत्रफलमा खेती गर्दे आएको तथा खेती गर्न चाहने मिहेनती

ईमानदार आर्थिक स्थिती कमजोर भएका कृषक, सक्रिय समुह, दलित बिपन्न समुदायलाई प्राथमिकता दिईनेछ ।

**७. छनौट समिती :** संकलित निवेदहरुलाई ५ सदश्यीय तपशिल बमोजिमको समितीले छनौट गर्ने छ ।

| | |
|---|---|
| गाँउपालिका अध्यक्ष | संयोजक |
| गाँउपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| गाँउपालिका प्रशासन प्रमुख | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

**८. अनुदानमा वितरण गरिने कृषि औजारहरु :**

मिनी टिलर, कर्ण सेलर, उखु पेल्ने मेसिन, आवश्यकता अनुसार केही कृषि औजार तथा उपकरणहरु थपघट गर्न सकिन्छ ।

**११. आर्थिक प्रशासन :**

कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ सार्बजनीक खरिद ऐन, २०६३ तथा सार्बजनिक खरिद नियमावली , २०६४ बमोजिम गरिनेछ ।

**१२. अनुगमन ब्यवस्था :**

यस कार्यक्रमको अनुगमन मदाने गाँउपालिकाको अनुगमन समितीले गर्ने छ ।

## १३. थपघट वा हेरफेर गर्न सक्ने :

क) यो कार्यविधिको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन गाँउ कार्यपालिकाले आवश्यकता अनुसार थपघत, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यसतो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउ कार्यपालिकाले आवश्यकता अनुसार ब्यवस्था गर्न सक्नेछ ।

मदाने गाँउपालिका

# अनुसुचि १

प्रथम पटक प्रकाशित मिती : २०७४/../..

**सूचना** **सूचना** **सूचना**

प्रस्तुत विषयमा यस मदाने गाँउपालिका कृषि विकास शाखा गुल्मीको आ.ब. २०७४/०७५ को स्वीकृत वार्षिक कृषि विकास कार्यक्रम अनुसार विभिन्न कृषि सामग्री तथा कृषि उपकरण/औजारहरु ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकोले यो सूचना प्रकाशित भएको १५ दिन भित्र उक्त सामग्री तथा औजारहरु माग गर्न निवेदन पेश गर्नु हुन कृषक, कृषक समूह, सहकारीहरुलाई यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**तपशिल**

१. मिनीटिलर ( हाते ट्रयाक्टर )

२. कर्न सेलर ( मकै छोडाउने मेसिन )

३. उखु पेल्ने मेसिन

४. साधारण ह्याण्ड स्प्रेयर.

५. त्रिपाल .

६. प्लास्टिक टनेल

७. आधुनिक मौरी घार

८. मौरी घार गोला सहित

९. मौरी टोपी, पञ्जा, रानी गेट

**संलग्न कागजातहरु :** निबेदन १

नागरिकताको प्रतिलिपी १

लालपुर्जाको प्रतिलिपी १

समुहको हकमा माग गरेको म्यानुट र समुहको प्रमाण पत्र को प्रतिलिपी १/१

**नोट :** निवेदन पेश गर्ने कार्यालय मदाने गाँउपालिका कृषि विकास शाखा पुर्कोट दह तथा प्रत्येक वडा कार्यालय ।

मदाने गाँउपालिका

# अनुसुचि २
# निवेदन

मिती : २०७४/ /

श्री प्रमुख ज्यू

मदाने गाँउपालिका कृषि विकास शाखा

पुर्कोट दह, गुल्मी

**विषय** : ..............................................कार्यक्रममा सहभागी हुन पाँउ ।

महोदय,

उपरोक्त सम्बन्धमा मदाने गाँउपालिका गुल्मीको आ.ब. २०७४/०७५ को स्वीकृत बार्षिक कृषि विकास कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा ........................................वितरण गरिने कार्यक्रममा समाबेश हुने चाहना भएकोले म/हामीलाई .........................................उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/गर्दछौ ।

निवेदक

कृषक/समूहको नाम :

ठेगाना :

मो.न. :

हस्ताक्षर

समूहको छाँप